## स्थानीय राजपत्र

---

### भिमाद नगरपालिकाद्वारा प्रकाशित

---

खण्ड ३) भिमाद फागुन ०५ गते, २०७६ साल (संख्या ७

---

भाग २

### भिमाद नगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०७६ सालको कार्यविधि नं. ४

## <u>भिमाद नगरपालिकाको पशुपंक्षी तथ्यांक संकलन कार्यविधि, २०७६</u>

**प्रस्तावना:** यस नगरपालिकाको आर्थिक विकासमा प्रमुख श्रोतको रुपमा रहेको पशुपन्छीपालन व्यवसाय विकास गर्न पशुपन्छी संख्या र उत्पादकत्व सम्बन्धी तथ्याङ्क संकलन कार्य वान्छनीय भएकाले भिमाद नगरपालिकाद्वारा पशुपन्छी तथ्याङ्क संकलन कार्यविधि २०७६ जारी गरिएको छ ।

## परिच्छेद १

१. प्रारम्भिक

क. संक्षिप्त नाम र प्रारम्भः

१. यो निर्देशिकाको नाम "पशुपन्छी तथ्याङ्क संकलन कार्यविधि २०७६" रहेको छ ।

२. यो निर्देशिका भिमाद नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस निर्देशिकामा ,

(क) "निर्देशिका" भन्नाले पशुपन्छी तथ्याङ्क निर्देशिका ,२०७६ सम्झनुपर्दछ ।

(ख) कृषक भन्नाले व्यवसायिक प्रयोजनको लागि वा पारिवारिक उपभोगको लागि पशुपन्छी पालिरहेका व्याक्तिलाई मात्र सम्झनुपर्दछ ।

(ग) व्यवसायिक पशुपन्छी फर्म भन्नाले तोकिएको संख्या वा सो भन्दा बढी पशुपन्छी पालन गरिरहेका कृषकहरुको फार्म वा व्यवसायलाई सम्झनुपर्दछ ।

(घ) नमुना छनौट भन्नाले केहि पशुपन्छीको तथ्याङ्कबाट समग्र पशुपन्छीको तथ्याङ्कको बारेमा अनुमान लगाउने समष्टिगत प्रक्रियालाई सम्झनुपर्दछ ।

(ङ) स्थानीय जात भन्नाले कृषकहरुले परम्परागत रुपमा पालिएका रैथाने जात भन्ने सम्झनुपर्दछ ।

(च) उन्नत जात भन्नाले कम्तीमा ५० प्रतिशतसम्म आगन्तुक रगत (Exotic Blood) भएका पशुपन्छीहरु सम्झनुपर्दछ ।

## परिच्छेद -२

विषयवस्तु र क्षेत्र

यस निर्देशिका अन्तरगतदेहाय बमोजिमको तथ्याङ्क संकलन गरिनेछः-

(१) पशुपन्छीको संख्या

क. गाई/भैसी

(१) स्थानीय र उन्नत जात

(२) दुध दिने र नदिने

(३) उमेर समुह

ख. भेडा/बाख्राः

(१) स्थानीय र उन्नत जात

(२) खसी/बोका

(३) उमेर समुह

ग. बंगुर/सुँगुर

(१) स्थानीय र उन्नत जात

(२) उमेर समुह

(३)

घ. कुखुरा/हाँस

(१) स्थानीय र उन्नत जात

(२) फुल पार्ने र नपार्ने

ङ. माछा

च. अन्य पशुपन्छीहरु ( घोडा खच्चड बट्टाई कालिज टर्की आदि.. )

२.पशुपन्छीजन्य उत्पादन

(अ) दुध

(आ) मासु

(इ) फुल/अण्डा

(ई) ऊन/पश्मिना

**परिच्छेद-३**

विधि (Methodology)

१. पशुपन्छीको तथ्याङ्क संकलन गर्न देहाय बमोजिमको विधि प्रयोग गरिनेछ ।

(१) प्रत्येक वडामा गठित टोल विकास समितिका संयोजक र अन्य १ जना सहयोगीका लागि १ दिने अभिमुखीकरण तालिम सञ्चालन गर्ने ।

(२) अभिमुखीकरण तालिममा २५-३० जनासम्म सहभागी बोलाउने ।

(३) सम्पूर्ण टोल विकास संस्थाका अध्यक्षहरुलाई आफ्ना प्रत्येक टोलमा रहेका कृषकहरुले पालन गरेका पशुपन्छीहरुको विवरण अनुसूची १ अनुसारको फर्मेटमा भर्न लगाउने ।

(४) यदि व्यवसायिक पशुपन्छी फार्म हो भने अनुसूची २ बमोजिमको फर्मेट भर्न लगाउने

(५) प्रत्येक फारम भरिसकेपछि फारमको अन्तिम लाईनमा total गर्ने ।

(६) यसरी प्रत्येक टोलबाट आएको फारमहरु वडा वडामा संकलन गरेर पशुसेवा शाखामा पठाउने र कम्पाईल गर्ने ।

(७) कम्पाइल गरिएपछिको तथ्याङ्कलाई अन्तिम रुप दिनुअघी सम्बन्धित वडा कार्यालयमा पठाईनेछ ।

**परिच्छेद -४**

**तथ्याङ्क लिने सन्दर्भ अवधि**

१. पशुपन्छी तथ्याङ्क संकलन गर्नको लागि आम सञ्चारका साधनबाट सूचना प्रसारण भएपछि सात दिन भित्र प्रत्येक टोल विकास समितिका संयोजक/प्रतिनिधिलाई एक दिने अभिमुखिकरण तालिम दिईनेछ ।

२. अभिमुखिकरण तालिम लिईएका टोल विकास समितिका संयोजक/प्रतिनिधिहरुलाई मात्र गणकको रुपमापठाईनेछ ।

३. तथ्याङ्क संकलन गर्दाको मितिमा घरमा भएका पशुपन्छी मात्र उल्लेख गर्नुपर्नेछ ।
४. व्यवसायिक पशुपन्छी फर्ममा एक बर्ष अवधिमा खरिद/विक्रि भएको जन्मिएको र मरेको समेत तथ्याङ्क लिनुपर्नेछ ।

**परिच्छेद -५**

तथ्याङ्क संकलन फारम सम्बन्धी अन्य निर्देशनहरु

१. सबै पशुपन्छीको जात अनुसार स्थानीय वा उन्नत जे हो छुट्टाछुट्टै लेख्नुपर्नेछ ।
२. संख्या लेख्दा कृषकको आफ्नै घरगोठमा पालिरहेका पशुपन्छीको संख्या उल्लेख गर्नुपर्नेछ ।तर स्वामित्वमा अरुलाई पाल्न दिएका पशुवस्तुलाई समावेश गर्नुहुदैन ।

**परिच्छेद -६**

नगरपालिकाका सम्पूर्ण निकायहरुले गर्नुपर्ने सहयोग र जिम्मेवारी

१. नगरपालिकाले आम सञ्चारका माध्यम/रेडियो स्थानीय पत्रपत्रिका बाट सूचना जारी गरिनेछ।
२. प्रत्येक टोलका टोल विकास संस्थाका अध्यक्ष/प्रतिनिधिहरुलाई पायक पर्ने स्थान मिति र समयमा नगरपालिकाको पशुसेवा शाखाले अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।
३. १ दिनको तालिममा प्रत्येक फर्मेट भर्ने अभ्यास समेत गराइनेछ । ।
४. तालिमपछि तोकिएको मितिमा आ-आफ्नो टोलका प्रत्येक कृषकको घरगोठमा पुगी फर्मेट भर्नुपर्दछ ।
५. टोलबाट आएका फर्मेटहरु कम्पाईल गरी तथ्याङ्कक सार्वजानिक गर्ने जिम्मेवारी सम्बन्धित शाखाको हुनेछ ।

**परिच्छेद -७**

१. सर्भेक्षणका फारमहरुः

पशुपन्छीपालक कृषकहरु अधिकांश खेतीपातीमा आवद्ध हुने भएकाले मुख्यतः कृषक परिवाररहरुसंग अन्तरवार्ता गरेर घरगोठमा पुगेर नै पशुपन्छीपालन व्यवसायको तथ्याङ्क संकलन गर्नुपर्दछ ।जसका लागि निम्नअनुसारका फर्मेटहरु तयार पारिएको छ ।

| फारम नं | विवरण संकलन गर्नुपर्ने किसिम |
|---|---|
| फारम नं .१ | निर्वाहमुखी खेती पद्धतिबाट पशुपालन गरिरहेका कृषकहरुको पशुपन्छी को विवरण |
| फारम नं. २ | गाईभैसी तथा तिनको उत्पादन विवरण (व्यवसायिक) |
| फारम नं. ३ | भेडा/बाख्रा तथा तिनको उत्पादन विवरण |
| फारम नं. ४ | बंगुर तथा तिनको उत्पादन विवरण |
| फारम नं. ५ | कुखुरा र माछाको संख्या र तिनका उत्पादन विवरण |

**परिच्छेद -८**

विविध

१. यसरी लिईएको तथ्याङ्क नगरपालिकाको अनुमतीविना कतै प्रकाशन प्रसारण गर्न पाईनेछैन।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भिमाद नगरपालिका | | | | | | | | |
| नगरकार्यपालिकाको कार्यालय | | | | | | | | |
| पशुपन्छी तथ्याङ्क विवरण संकलन फारम | | | | | | | | |
| व्यवससायिक फर्मको नामः | | | | | | | फर्म दर्ता नं र मितिः | |
| वडा नं | | टोलको नामः | | | | | | |
| | | | | | | | फारम नं : ४ | |
| बंगुर/सुँगुर | | | | स्थानीय | उन्नत | जम्मा | एक बर्षमा बिक्री | कैफियत |
| १ | | | | २ | ३ | ४ | ५ | |
| बंगुर/सुँगुर | ६ महिना मुनिका | पाठा | | | | | | |
| | | पाठी | | | | | | |
| | ६ महिना देखि १ बर्षमुनिका सम्मका | छतौरा | | | | | | |
| | | छतौरी | | | | | | |
| | १ बर्ष वा सो भन्दा माथिका | खसी | | | | | | |
| | | थुमा | | | | | | |
| | | माउ | थारा | | | | | |
| | | | ब्याएको | | | | | |

| |
|---|
| फारम नं |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| भिमाद नगरपालिका | | | | | | |
| नगरकार्यपालिकाको कार्यालय | | | | | | |
| पशुपन्छी तथ्याङ्क विवरण संकलन फारम | | | | | | |
| व्यवससायिक फर्मको नामः | | | | | फर्म दर्ता नं र मितिः | |
| वडा नं | | टोलको नामः | | | | |
| | | | | | फारम नं : ५ | |
| कुखुरा | ब्रोइलर | लेयर्स | अन्य जात खुलाउने | बार्षिक उत्पादन लट | औषत अण्डा उत्पादन बार्षिक | कैफियत |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| माछा | पोखरीको क्षेत्रफल | माछाका जात | संख्या | एक बर्षमा उत्पादन भएको परिमाण | | कैफियत |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| अन्य पशुपन्छी | नाम | जात | | उत्पादन उद्देश्य र बार्षिक उत्पादन | | कैफियत |

| | | भाले | पोथी | उत्पादन | परिमाण | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमाणीकरण मितिः २०७६/११/०५

आज्ञाले,
थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत

भाग २

**भिमाद नगरपालिका**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्बत् २०७६ सालको नियमावली नं. १**

**भिमाद नगरपालिकाको संस्था दर्ता नियमावली, २०७६**

**प्रस्तावनाः** संस्था दर्ता ऐन, २०७६ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी भिमादनगरपालिकाले देहाएका नियमहरु बनाएको छः-

१. संक्षिप्त नाम र प्रारम्भ (१) यी नियमहरुको नाम " संस्था दर्ता नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा ऐन भन्नाले संस्था दर्ता ऐन, २०७६ सम्झनुपर्छ ।

३ दर्ताको लागि निवेदन ऐन बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले एकहजार रुपैया दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसुची १ मा तोकिएको ढाचामा निवेदन दिनुपर्नेछ ।

४ संस्था दर्ता र प्रमाण पत्र नियम ३ बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसुचि २ बमोजिमको दर्ता किताब संस्था गर्नुपर्नेछ र त्यसरी संस्था दर्ता गरीसकेपछि अनुसुचि ३ बमोजिको दर्ताको प्रमाण पत्र दिनेछ ।

५ दर्ताको अवधि, नवीकरण र दस्तुर (१) नियम ४ बमोजिम दिएको दर्ताको प्रमाण पत्र एक वर्षसम्म वहाल रहनेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको दर्ता अवधि समाप्त भएको मितिले तीन महिनाभित्र समन्धित व्यक्ति प्रमुख प्रशासकीय अधिकृतबाट पाचसय रुपैमा दस्तुर तिरी दर्ताको प्रमाण पत्र नवीकरण गराउनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाइ दर्ताको प्रमाण पत्र नविकरणको लागि निवेदन दिन आएमा प्रमुख प्रशासकिय अधिकृतले उपनियम (२) बमोजिम थप दस्तुर लिइ नवीकरण गरी दिन सक्नेछ ।

(क) उपनियम (२) बमोजमको म्याद नाघेपछि तीन महिनाको लागि रु १००

(ख) खण्ड (क) को म्याद नाघेपछि अषाढ मसान्त सम्मको लागि रु २५०

(ग) खण्ड ख को म्याद नाघेपछि अर्के एक आर्थिक वर्षको लागि रु ५०० को दुइ आर्थिक वर्षको लागि रु १०००

(४) उपनियम २ र ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाण पत्र नवीकरण हुन नसकेको मनासिव देखाइ....................नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लाग्ने नवीकरण दस्तुरको अतिरीक्त प्रत्येक आर्थिक वर्षको लागि एकहजार रुपैयाँका दरले थप जरीवाना समेत लिइ प्रमुख प्रशासकिय अधिकृतले त्यस्तो दर्ताको प्रमाणपत्र नवीकरण गरीदिन सक्नेछ ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै संस्थाले बढिमा पाँच सम्मको लागि एकैपटक दर्ताको प्रमाणपत्र नवीकरण गर्न निवेदन दिन आएमा प्रमुख प्रशासकिय अधिकृतले त्यस्तो संस्थाले गरीआएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक वर्षको लागि एक सय रुपैया दस्तुर लिइ एकैपटक पाँच वर्ष सम्मको लागि दर्ताको प्रमाणपत्र नवीकरण गरीदिन सक्नेछ ।

(६) दर्ताको प्रमाणपत्र नवीकरण गर्ने संस्थाले निवेदन दिदा कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नुपर्नेछ ।

(७) उपनियम ३ र ५ बमोजिम दर्ताको प्रमाणपत्र नवीकरण गरेको जानकारी प्रमुख प्रशासकिय अधिकृतले नेपाल सरकार गृह मन्त्रालयलाइ दिनुपर्नेछ ।

प्रमाणीकरण मितिः २०७६/११/०५

आज्ञाले,<br>
थमन सिंह थापा<br>
प्रमुख प्रशासकीय अधिकृत

सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित । मूल्य रु. ८०।-